आज मिति २०८३/०६/१३ गते यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भीम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरिए।

तपसिलः-

| क्र.सं.. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री भीम बहादुर चन्द | नगर प्रमुख | |
| २. | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३. | श्री शरद सिंह नेगी | वडा अध्यक्ष (१ नं. वडा) | |
| ४. | श्री कृष्ण दत्त भट्ट | वडा अध्यक्ष (२ नं. वडा) | |
| ५. | श्री गगन सिंह भाट | वडा अध्यक्ष (३ नं. वडा) | |
| ६. | श्री हर्क बहादुर चन्द | वडा अध्यक्ष (४ नं. वडा) | |
| ७. | श्री भरत सिंह पुजारा | वडा अध्यक्ष (५ नं. वडा) | |
| ८. | श्री तारा दत्त भट्ट | वडा अध्यक्ष (६ नं. वडा) | |
| ९. | श्री राम चन्द भट्ट | वडा अध्यक्ष (७ नं. वडा) | |
| १०. | श्री तपेन्द्र सिंह विष्ट | वडा अध्यक्ष (८ नं. वडा) | |
| ११. | श्री लोक राज भट्ट | वडा अध्यक्ष (९ नं. वडा) | |
| १२. | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३. | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४. | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५. | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६. | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७. | श्री बिजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८. | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९. | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २०. | श्री हरि प्रसाद शर्मा | सदस्य सचिव | |
| आमन्त्रित | | | |
| १ | श्री नरेन्द्र सिंह जुहारी | कम्प्युटर अपरेटर | |

मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**<u>प्रस्तावहरुः</u>**

१. योजना तथा ठेक्का म्याद थप सम्बन्धमा।
२. चालु आ.व. २०८३/०८४ को योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
३. कार्यविधि सम्बन्धमा।
४. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित वसोवासी सम्बन्धमा।
५. उपभोक्ता समिति दर्ता सम्बन्धमा।
६. लिफ्टिङ खानेपानीको मोटर खरिद सम्बन्धमा।
७. निरीक्षण अधिकृत तोक्ने सम्बन्धमा।
८. स्थानीय उत्पादनमा आधारित दिवा खाजा सम्बन्धमा।
९. कर्मचारी व्यवस्थापन सम्बन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

भीम बहादुर चन्द
नगर प्रमुख

निर्णयहरु:

निर्णय नं. १ योजना तथा ठेक्का म्याद थप सम्बन्धमा ।

यस मेलौली नगरपालिकामा विगतका आर्थिक वर्षमा सम्झौता भइ विविध कारणले सम्पन्न हुन बाँकी रहेका तपसिल बमोजिमका ठेक्का/योजना/आयोजनाहरुको म्याद तपसिल बमोजिम थप गर्ने निर्णय गरियो ।

तपसिल:

ठेक्काहरु:

| सि.न. | ठेक्का नं. | ठेक्काको नाम/विवरण | निर्माण कम्पनिको नाम | सम्झौता बमोजिमको म्याद | म्याद थप पश्चात कायम हुने म्याद |
|---|---|---|---|---|---|
| १ | 02/NCB/CAB/2082/083 | Construction of Multi-storey (Second and Top) School Building Jagadamba Ma.Vi.Hataranga | New Jagdamba Nirman Sewa DCM-5 Baitadi | २०८३ असार २० गते | २०८३ असोज मसान्त |
| २ | 05/NCB/COB/2080/081 | Construction of Ward Office Building Ward 5 Khaligad | New Jagdamba Nirman Sewa DCM-5 Baitadi | २०८३ जेठ ३० गते | २०८३ असोज मसान्त |

अन्य योजना तथा आयोजनाहरु:

| सि.न. | योजनाको नाम | कार्यान्वयन हुने स्थान | म्याद थप पश्चात कायम हुने म्याद |
|---|---|---|---|
| १ | दिपाधार भुवुर्थला लिफ्टिङ् खानेपानी योजना | मेनपा- ६ | २०८३ मंसिर मसान्त सम्म |
| २ | घेरेलु जर्कु नङरौं सडक (सडक बोर्ड) | मेनपा- १ | २०८३ मंसिर मसान्त सम्म |
| ३ | पेल्या ढणौन सडक मर्मत (सडक बोर्ड) | मेनपा- ५ र ३ | २०८३ मंसिर मसान्त सम्म |
| ४ | रौतगाँउ समैजी, सलेना दुर्गास्थान स्याडी सडक (सडक बोर्ड) | मेनपा- ३ | २०८३ मंसिर मसान्त सम्म |
| ५ | जमाडी गैरी सडक मर्मत (सडक बोर्ड) - | मेनपा- ८ | २०८३ मंसिर मसान्त सम्म |
| ६ | हरडाखान देखि रोडामाण्डौ सडक मर्मत (सडक बोर्ड) | मेनपा- ९ | २०८३ मंसिर मसान्त सम्म |
| ७ | नेटाखान तिताबे सडक मर्मत (सडक बोर्ड) | मेनपा- ४ | २०८३ मंसिर मसान्त सम्म |
| ८ | विजयपुर मा.बि. खेलमैदान तथा भवन मर्मत | मेनपा- ४ | २०८३ मंसिर मसान्त सम्म |
| ९ | श्री केदार मन्दिर निर्माण | मेनपा- ३ | २०८३ मंसिर मसान्त सम्म |

निर्णय नं. २ चालु आ.व. २०८३/०८४ को योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

क) चालु आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेटमा समावेश भएका योजना तथा कार्यक्रमहरूलाई शाखागत रुपमा वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख) यस चालु आ.व. २०८३/०८४ मा संघीय समपुरक अनुदान मार्फत कार्यान्वयन हुने नगर स्टेडियम बिठ्ने को राष्ट्रिय योजना आयोग बाट तीन बर्षे कार्यक्रम अन्तर्गत लागत अनुमान रू छ करोड स्वीकृत भई चालु आ.व.मा संघीय समपुरक अनुदान रु नब्बे लाख प्राप्त भएको र यस नगरपालिकाको बिस प्रतिशत समपुरक रकम थप गरी जम्मा रू १ करोडं १२ लाख ५० हजार बजेट उक्त योजनामा यस चालु आ.व मा कार्यान्वयन गर्ने गरी स्वीकृत लागत अनुमान ( रू छ करोड) बराबरको निर्माण कार्य सुचारु गर्न बहुबर्षिय ठेक्का आह्वान गर्ने र सो आयोजनामा तपसिल बमोजिमका पूर्वाधार ३ वर्षमा निर्माण सम्मन्न हुने गरी ठेक्का अह्वान गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।साथै आगामी आ.व. मा संघीय समपुरक योजना माग गर्दा नगर स्टेडियम बिठ्ने लाई पहिलो प्राथमिकतामा राख्ने निर्णय गरियो।

भीम बहादुर चन्द
नगर प्रमुख

तपसिलः
१) स्वीकृत डि.पि.आर. बमोजिम स्टेडियमको लम्बाई निर्माण गर्न आवश्यक कटिङ् गर्ने र सोको लागि आवश्यक सुरक्षा पर्खाल र घेरबार गर्ने।
२) स्वीकृत डि.पि.आर. बमोजिम दुई तर्फ प्यारापेट र स्टेज निर्माण गर्ने।
३) स्वीकृत डि.पि.आर. बमोजिम कबर्डहल निर्माण गर्ने।
४) क्रिकेट ग्राउन्ड तयार गर्ने र सो संगै आवस्यक अन्य पूर्वाधार तथा सुरक्षा घेरबार निर्माण गर्ने।

**निर्णय नं. ३ कार्यविधि सम्बन्धमा।**

नगरपालिकाबाट सम्पादन हुने कार्यहरूलाई थप व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा प्रचलित कानून बमोजिम सञ्चालन गर्न आवश्यक देखिएका तपसिलमा उल्लिखित कार्यविधिहरू स्वीकृत गर्ने निर्णय गरियो।

तपसिलः

क) स्वीकृत गरिएका कार्यविधिहरुः
१. मेलौली नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३
२. मेलौली नगरपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३
३. मेलौली नगरपालिकाको लागि तयार पारिएको उपभोक्ता समितिमार्फत आयोजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि, २०८३

ख) संशोधन गरिएका कार्यविधिहरुः
१. मेलौली नगरपालिकाको **"सामुदायिक विद्यालयमा कार्यरत कार्यालय सहयोगी पदपूर्ती कार्यविधि, २०८३"** को परिच्छेद-२ मा व्यवस्था भएको कार्यलाय सहयोगी छनौट समितिको बुँदा नं. (३) मा रहेको **"स्थानीय तहको विज्ञ सूचीमा सूचीकृत शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखले"** भन्ने वाक्यांशको स्थानमा **"विद्यालय व्यवस्थापन समितिले"** संशोधन गर्ने

**निर्णय नं. ४ भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित वसोवासी सम्बन्धमा।**

मेलौली नगरपालिका अन्तर्गतका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित वसोवासीको विवरण NALICS System मा इन्ट्री गरी वडा कार्यालयमा पठाइएको र वडा कार्यालयहरुबाट समेत प्रमाणीकरण भई आएका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित वसोवासीको विवरण भूमि समस्या समाधान समिति बैतडीमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ५ उपभोक्ता समिति दर्ता सम्बन्धमा।**

क) मेलौली नगरपालिका नगरसभाबाट पारित आ.व. २०८३/०८४ का उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुका सम्बन्धमा मेलौली नगरपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३ बमोजिम दर्ता भएका उपभोक्ता समितिहरुबाट मात्र योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो। साथै यस मेलौली नगरपालिकाको उपभोक्ता समितिमार्फत आयोजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि, २०८३ को दफा ८ (ग) बमोजिमको लागत साझेदारी कायम गर्ने निर्णय पारित गरियो।

ख) उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजना/योजनामा विनियोजित बजेटको २ प्रतिशत रकम व्यवस्थापन खर्चका रुपमा योजना/ आयोजना सम्पन्न भए पश्चात् भुक्तानी हुनेगरी छुट्याउने निर्णय गरियो।

**निर्णय नं. ६ लिफ्टिङ खानेपानीको मोटर खरिद सम्बन्धमा।**

मेलौली नगरपालिका वडा नं. ७ मा सञ्चालित पटौट लिफ्टिङ खानेपानी आयोजनाका लागि पानी लिफ्टिङ गर्ने मोटर आवश्यक परेको निवेदन सम्बन्धित उपभोक्ताहरुबाट पेश हुन आएको हुँदा यस मेलौली नगरपालिकाको नगर सभाबाट आ.व.

२०८३/०८४ मा स्वीकृत भएको मेशिनरी उपकरण मर्मत सम्भार खर्च शीर्षकबाट उक्त मोटर थान १ खरिद गर्ने र मोटर खरीद बापतको रकम आगामी नगरसभाको बैठकबाट अन्य कुनै शीर्षकबाट मेशिनरी उपकरण मर्मत सम्भार खर्च शीर्षकमा छुट्याउने निर्णय हुने गरी उक्त मोटर थान १ खरीद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ निरीक्षण अधिकृत तोक्ने सम्बन्धमा ।**

मेलौली नगरपालिका क्षेत्रभित्र उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम बजार अनुगमन प्रयोजनको लागि यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत अनुपस्थित भएको अवस्थामा नि.प्रमुख प्रशासकीय अधिकृतलाई निरीक्षण अधिकृत तोक्नको लागि वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ स्थानीय उत्पादनमा आधारित दिवा खाजा सम्बन्धमा ।**

यस मेलौली नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ को परिच्छेद ५ को दफा ११ को उपदफा (२) अनुसार स्थानीय स्तरमा उत्पादन एवं उपलब्ध हुने खाद्य सामाग्रीहरुको दिवा खाजाको मेनु बमोजिम आपूर्ति गर्ने प्रयोजनको लागि इच्छुक कृषि सहकारी, अगुवा कृषक, कृषि समूहहरुसँग सार्वजिनिक खरीद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धात्मक विधि अपनाई खाद्य सामाग्री खरीद तथा व्यवस्थापन गर्नको लागि सम्बन्धित विद्यालयलाई जिम्मेवारी दिने गरी यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

क) मेलौली नगरपालिका नगर कार्यपालिकाको स्वास्थ्य कर्मचारी सरुवा सम्बन्धी मिति २०८३ साउन २८ गतेको निर्णय नं. २ र मिति २०८३ भाद्र २४ को निर्णय नं. ७ दुबै निर्णयलाई कार्यान्वयन नगर्ने साथै मेलौली नगरपालिकाको स्वास्थ्य शाखा वा अन्तर्गतका संस्थाहरुमा कर्मचारीहरुको तत्काल व्यवस्थापन गर्दा सम्बन्धित कार्यालय वा संस्थाको सम्बन्धित तह र पदमा कार्यरत रहेका कर्मचारीहरु मध्येबाट बढी समय कामकाज गरेको वा बढी सेवा अवधि पुगेको कर्मचारीको प्राथमिकता क्रम अनुसार प्रमुख प्रशासकीय अधिकृतले सरुवा वा काजमा खटाउने निर्णय गरियो ।

ख) यस मेलौली नगरपालिका अन्तर्गत कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई मेलौली नगरपालिका अन्तर्गत तपसिल बमोजिमका वडा कार्यालयहरुमा अर्को व्यवस्था नभएसम्मका लागि वडा सचिव र पञ्जिकाधिकारीको रुपमा कामकाज गर्नेगरी जिम्मेवारी दिने निर्णय गरियो ।

<u>तपसिल:</u>

| क्र.सं. | कर्मचारीको नाम | पद | खटाइएको कार्यालय | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | बेन्जु चौधरी | पशु सेवा प्राविधिक | वडा नं. ४ को कार्यालय | वडा सचिव तथा पञ्जिकाधिकारी |
| २ | भोज राज शर्मा | ना.प्रा.स. | वडा नं. ५ को कार्यालय | वडा सचिव तथा पञ्जिकाधिकारी |
| ३ | अर्जित दत्त भट्ट | कार्यालय सहायक | वडा नं. ६ को कार्यालय | वडा सचिव तथा पञ्जिकाधिकारी |

साथै वडा कार्यालयहरुमा वडा सचिवको अभावमा मिति २०८३/०५/०९ गते प्रमुख प्रशासकीय अधिकृतबाट मेलौली नगरपालिका वडा नं. ९ को वडा सचिव तथा पञ्जिकाधिकारीको कामकाज गर्नेगरी खटाईएका कार्यालय सहायक हिमाल सिंह भाटको जिम्मेवारीलाई स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख